# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड ३ बुटवल, असार २० गते, २०७६ साल संख्या ५**

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

## बुटवल उप-महानगरपालिको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ (दोस्रो संशोधन), २०७६

बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा देहाय बमोजिम थप गर्ने निर्णय गरियो ।

१. प्रस्तावनामा रहेको **"वा नेपाल सरकार"** **"प्राविधिक"** भन्ने वाक्याशं र शब्द हटाउने ।

२. प्रस्तावनाको चौथोहरफमा रहेको ........सेवा करार भन्ने वाक्यांश पछि **"वा व्यक्ति करार"** भन्ने वाक्याशं थप गर्ने ।

३. नियम १ (क) मा रहेको **"प्राविधिक"** भन्ने शब्द हटाउने ।

४. नियम २ को परिभाषा खण्डमा (ङ) मा रहेको **"प्राविधिक"** भन्ने शब्द हटाउने र सोही हरफमा रहेको.... ...**"नियम ३ (२) बमोजिम प्राविधिक"** भन्ने वाक्यांश हटाई सो वाक्यांशको सट्टा **"नगरपालिकालाई अति आवश्यक"** भन्ने वांक्याश थप गर्ने ।

५. नियम २ को परिभाषा खण्डमा देहाय (ज) थप गर्ने ।

   ज. **"अस्थायी प्रकृतिका अन्य सेवा"** भन्नाले **"नगरपालिकाको सेवा प्रवाहका लागि अति आवश्यक अस्थायी प्रकृतिका पदसंग सम्बन्धित सेवा भन्ने बुझिन्छ"** ।

६. नियम ३ को उपनियम (१)को **"स्थानीय सरकार ....बमोजिम प्राविधिक"** भन्ने वाक्यांशको सट्टा **"उप-महानगरपालिकाको सेवा प्रवाहका लागि अति आवश्यक प्राविधिक वा अन्य अस्थायी प्रकृतिका सेवाका"** भन्ने वाक्यांश थप गर्ने ।

७. नियम ३ को उपनियम २ मा रहेको **"प्राविधिक"** भन्ने शब्द हटाउने र सोही उपनियममा देहाय 'ज' थप गरी राख्ने ।

ज.“**अस्थायी प्रकृतिका अन्य सेवा**”

८. नियम ४ को उपनियम १ मा रहेको “**प्राविधिक**” भन्ने शब्द हटाउने, सोही उपनियममा रहेको ....कम्तीमा “**१५ (पन्ध्र)**” को सट्टा “**७ (सात)**” भन्ने शब्द राख्ने र उपनियम ५ थप गरी देहाय बमोजिम राख्ने ।

५. प्राविधिक सेवाका विषय, कम्प्युटर अपरेटर, चालक जस्ता प्राविधिक पदहरुमा लिखित/अर्न्तर्वाता/प्रयोगात्मक परीक्षाको विधि र अंकभार तथा श्रेणी विहिन, कार्यालय सहयोगी, सफाइकर्मी, नगर प्रहरी जस्ता प्रकृतिका पदहरुको अंक भार उपनियम ३ को शैक्षिक योग्यतावाट घटाई समितिले आवश्यकता अनुसार विज्ञापन हुनु पूर्व नै निर्धारण गरे बमोजिम हुनेछ ।

९. नियम ५ मा रहेको “**अन्तर्वार्ता र सूचीकरण**” भन्ने वाक्याशंको सट्टा “**छनौट**” शब्द राख्ने सोही नियममा रहेको “**सूचीकरणको**” भन्ने शब्द हटाउने र

१०. नियम ७ (१)७ मा रहेको “**प्राविधिक**” भन्ने शब्द हटाउने ।

११. नियम ८ को उपनियम १ मा रहेको ........बमोजिम “**सेवा करार**” भन्ने वाक्यांश को पछाडि “**वा करार सेवा**” भन्ने वाक्यांश थप गर्ने र सोही उपनियममा रहेको “**प्राविधिक**” भन्ने शब्द हटाउने साथै सोही नियमको उपनियम ३ र ४ मा रहेको “**प्राविधिक**” भन्ने शब्द हटाउने ।

१२. नियम ९ क देहाय बमोजिम थप गर्ने:

**९ क. दरखास्त दिन उमेर हद नलाग्ने-**

“यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेषज्ञ प्रकृतिको सेवामा अधिकतम उमेर हद लाग्ने छैन । नगरकार्यपालिका कार्यालय वा मातहतका कार्यालयमा विगतमा अति आवश्यक सेवा व्यवस्थापनका लागि राखि कामकाज गरी आएका कर्मचारीहरुलाई यो संशोधित कार्यविधि लागु भई गरिएको पहिलो विज्ञापनमा अधिकतम उमेरहद लागु हुने छैन ।”

**आज्ञाले**

प्रमाणीकरण मितिः २०७६/०३/२०

**चक्रपाणी शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**